श्री नयाँपाटा सामुदायिक वन उपभोक्ता समुह

माण्डवी गा.पा. ०५, प्यूठान

## काठ लिलाम विक्री सम्वन्धी पुर्ण व्यहोरको सुचना

प्रथम पटक सूचना मिति : **२०८२।०२।१३**

यस सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत घाटगद्दीस्थान (माण्डवी ५, आपचौर) मा सुखड खडा, ढलापडाबाट प्राप्त भएको निम्न परिमाणको काठ/दाउरा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना **गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

**१. वन पैदावारको विवरण :**

| वन पैदावारको | | | | | | मूल्याङ्कन (रु. | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | जात | किसिम | थान | परिमाण | न्यूनतम(मु अ कर वाहेक) | कटान खर्च |
| १ | १ | खयर | गोलिया | ३९७ | २७१।०१ | २७१०१० | ५४००० |

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

क) अन्तिम मिति **२०८२।०३।०३** ख) समय ११ :०० बजेसम्म

३. बोलपत्र सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, सम्बन्धित डिभिजन वन कार्यालयबाट खरिद र दाखिला गर्न सकिने छ।

४. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको कार्यालयको **राष्टिय वाणिज्य वैक विजुवार** शाखामा रहेको खाता नं. ४४३०१००००२९१७००१ को धरौटी खातामा नगद जम्मा गरेको सक्कलै भौचर समावेश गरेको हुनुपर्नेछ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएका त्यस्तो जमानत कम्तिमा छ महिना सम्मको लागि हुनु पर्नेछ।

६. बोलपत्र फारम रु. १००० (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालय वा डिभिजन वन कार्यालय प्यूठानबाट खरिद गर्न सकिनेछ।

७. लिलाम बढाबढ हुने पैदावार यस समूहको घाटगद्दीस्थानमा गई हेर्न सकिनेछ।

८. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, करदर्ता प्रमाण-पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपि वा स्थाई लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।

९. निर्धारित गरिएको न्युनतम संख्यामा रितपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०२।३ मा ०१:०० बजे साक्षिहरुको रोहवरमा खोलिने छ।

१०. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर समेत चढाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ।

११. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंकमा र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१२. बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु (कार्यालयले मनासिव सम्झे बमोजिम खुलाउने)